# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७०) काठमाडौं, भदौ २९ गते, २०७७ साल (संख्या २२

# भाग ३

## नेपाल सरकार

## गृह मन्त्रालयको

## सूचना १

## सामाजिक सुरक्षा (पहिलो संशोधन) नियमावली, २०७७

सामाजिक सुरक्षा नियमावली, २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सामाजिक सुरक्षा ऐन, २०७५ को दफा २९ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>ः (१) यी नियमहरुको नाम "सामाजिक सुरक्षा (पहिलो संशोधन) नियमावली, २०७७" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम ९ मा संशोधन</u>ः सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम ९ को उपनियम (१) मा रहेका "साउन मसान्तभित्र" भन्ने शब्दहरुको सट्टा "कात्तिक मसान्तभित्र" भन्ने शब्दहरु राखिएका छन् ।

## सूचना २

## <u>विभूषण (दोस्रो संशोधन) नियमावली, २०७७</u>

विभूषण नियमावली, २०६५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

विभूषण ऐन, २०६४ को दफा २८ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>ः (१) यी नियमहरुको नाम "विभूषण (दोस्रो संशोधन) नियमावली, २०७७" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>विभूषण नियमावली, २०६५ को नियम ३४क. मा संशोधन</u>ः विभूषण नियमावली, २०६५ को नियम ३४क. को सट्टा देहायको नियम ३४क. राखिएको छः-

"३४क. <u>विभूषण प्रदान गरिने सङ्ख्या</u>ः (१) ऐन तथा यस नियमावली बमोजिमको विभूषण प्रत्येक वर्ष नेपाल सरकारले तोकेको सङ्ख्यामा प्रदान गर्न सकिनेछ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको मानपदवी प्रत्येक

वर्ष बढीमा देहायको सङ्ख्यामा प्रदान गर्न सकिनेछः-

(क) नेपाल रत्न एक,

(ख) राष्ट्र गौरब दुई ।"

**आज्ञाले,**

**महेश्वर न्यौपाने**

**नेपाल सरकारको सचिव ।**